# शिवालय गाउँपालिका
## Shivaalaya Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of The Rural Municipal Executive
सिमा, जाजरकोट

Sima,Jajarkot

कर्णाली प्रदेश, नेपाल

karnali province, nepal

पत्र संख्या Reference No. : २०८२/०८३ प्रशासन

चलानी नम्बर Dispatch No. : ९८२

मिति: २०८२।०९।०२

विषय: बालकल्यान अधिकारी पदको पाठ्यक्रम तोकिएको सम्वन्धमा।

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८२।०९।०१ गतेको प्रकाशित सूचना अनुसार बालकल्याण अधिकारी सहायक स्तर (पाँचौं) को लिखित तथा कम्प्यूटर सिप परिक्षण परिक्षाको पाठ्यक्रम शिवालय गाउँपालिकाको Website:WWW.shibalayamun.gov.np मा राखिएको व्यहोरा सम्वन्धित सवैलाई जानकारी गराईन्छ।

गोपाल शाही

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Website:WWW.shibalayamun.gov.np ,Email:shibalayamun@gmail.com

Contact: 9858084522

व्यावसायिक र सिर्जनशील प्रशासन: विकास समृद्धि र सुशासन

CamScanner

शिवालय गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमा, जाजरकोट

# बालकल्याण अधिकारी पदको परीक्षाको पाठ्यक्रम एवं परीक्षा योजना

यस पाठ्यक्रमलाई दुई चरणमा विभाजन गरिएको छ।

**प्रथम चरणः** लिखित परीक्षा (Written Examination) पूर्णाङ्कः १००

**अन्तिम चरणः** क) कम्प्युटर सिप परीक्षण (Computer Skill Test) पूर्णाङ्कः १०

ख) अन्तर्वार्ता (Interview) पूर्णाङ्कः २०

## परीक्षा योजना

**प्रथम चरणः लिखित परीक्षा (Written Examination)** पूर्णाङ्कः १००

| पत्र | विषय | पूर्णाङ्क | उत्तिर्णाङ्क | परीक्षा प्रणाली | | प्रश्न संख्या र अङ्क | जम्मा अङ्क | समय |
|---|---|---|---|---|---|---|---|---|
| प्रथम | सेवा सम्बन्धित ज्ञान | १०० | ४० | वस्तुगत | बहुवैकल्पिक प्रश्न | २० प्रश्न * २ अङ्क | ४० | २ घण्टा १५ मिनेट |
| | | | | विषयगत | छोटो उत्तर लेख प्रश्न | ६ प्रश्न * ५ अङ्क | ३० | |
| | | | | | लामो उत्तर लेखे प्रश्न | ३ प्रश्न *१० अङ्क | ३० | |

**अन्तिम चरणः कम्प्युटर सिप परीक्षण र अन्तर्वार्ता** पूर्णाङ्कः ३०

| पत्र/विषय | पूर्णाङ्क | उत्तिर्णाङ्क | परीक्षा प्रणाली | समय | कैफियत |
|---|---|---|---|---|---|
| कम्प्युटर सिप परीक्षण | १० | | प्रयोगात्मक परीक्षा | २० मिनेट | |
| अन्तर्वार्ता | २० | | बोर्ड अन्तर्वार्ता | - | |

**द्रष्टव्यः**

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी वा नेपाली अंग्रेजी दुवै हुनेछ।

२. वस्तुगत बहुवैकल्पिक प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ। तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइनेछैन र कट्टा पनि गरिने छैन।

३. बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन।

४. प्रथम चरणको लिखित परीक्षावाट छनौट/उत्तिर्ण भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको परीक्षामा सहभागी गराइनेछ।

५. प्रथम चरणको लिखित परीक्षा द्वितीय चरणको कम्प्युटर सिप परीक्षण र अन्तर्वार्ताको कुल अङ्क योगको आधारमा परीक्षार्थीहरुलाई योग्यताक्रम सूचीमा समावेश गरी अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**शिवालय गाउँपालिकाको बालकल्याण अधिकारी पदको लिखित परीक्षा सेवा सम्बन्धी ज्ञानको लागि निर्धारण गरिएको पाठ्यक्रम**

पुर्णाङ्क: १००

उत्तिर्णाङ्क: ४०

**पाठ्यक्रमको उद्देश्य :**

वालवालिकाको अधिकार, संरक्षण, विकास तथा सहभागितासम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्था, संस्थागत संरचना, कार्यक्रम कार्यान्वयन र वालमैत्री शासन प्रणालीबारे आवश्यक ज्ञान तथा विश्लेषणात्मक क्षमता अभिवृद्धि गर्नु।

**एकाई–१**

**नेपालमा वालवालिकाको अवस्था**

**१.१ वालवालिकाको परिभाषा तथा जनसांख्यिक अवस्था**

वालवालिकाको कानुनी परिभाषा, उमेर समूहअनुसार वर्गीकरण, राष्ट्रिय तथा स्थानीय तहमा वालवालिकाको जनसांख्यिक संरचना, लैङ्गिक, जातीय तथा भौगोलिक अवस्था।

**१.२ वाल जीवन रक्षा तथा स्वास्थ्यको अवस्था**

वाल वचाउको अवस्था, गर्भावस्थाको स्याहार, मातृ तथा शिशु स्वास्थ्य सेवा, संस्थागत तथा सुरक्षित सुत्केरी, पूर्ण स्तनपान अभ्यास, पोषणको अवस्था, प्रारम्भिक वाल उत्थान (Early Childhood Development) ।

**१.३ वाल संरक्षणको अवस्था**

वाल संरक्षणको अवधारणा र अवस्था, परिवार, समाज तथा राज्यको जिम्मेवारी, वाल विवाह, वाल श्रम, मानव वेचविखन, मौसमी वसाइँसराइ, विद्यालय छोड्ने अवस्था, छाउपडी, जातीय तथा लैङ्गिक विभेद, हिंसा, शोषण तथा दुर्व्यवहार, मनोसामाजिक परामर्श।

**१.४ वाल विकास तथा शिक्षाको अवस्था**

प्रारम्भिक वाल विकास (ECD), पूर्व–प्राथमिक शिक्षा, आधारभूत तहको शिक्षा संरचना र अवस्था, खेलकुद तथा अतिरिक्त क्रियाकलापका अवसर, वाल प्रतिभा विकास।

**१.५ वाल सहभागिताको अवस्था**

घरपरिवार, विद्यालय तथा सामाजिक–सांस्कृतिक क्रियाकलापमा वाल सहभागिता, वालवालिकाको आवाजको सुनुवाइ, वाल क्लवको गठन र सञ्चालन, वाल सल्लाह संयन्त्र, स्थानीय योजना तर्जुमा प्रक्रियामा वाल सहभागिता।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## एकाई—२

## बाल अधिकार संरक्षणमा संरचनात्मक व्यवस्था

**२.१ संघीय संरचनामा बाल अधिकार संरक्षणका निकायहरू**

संघीय शासन प्रणाली अन्तर्गत केन्द्रीय बाल अधिकार परिषद्, प्रदेश बाल अधिकार परिषद्, गाउँपालिका तथा नगरपालिका बाल अधिकार समिति, वडा बाल अधिकार समितिहरू।

**२.२ संरचनागत निकायहरूको काम, कर्तव्य तथा अधिकार**

केन्द्रीय, प्रदेश तथा स्थानीय तहका बाल अधिकार परिषद् तथा समितिहरू, बाल न्याय समिति, गाउँ तथा वडा बाल अधिकार समितिहरूका भूमिका, जिम्मेवारी, अधिकार र समन्वय व्यवस्था।

**२.३ सिफारिस, समन्वय तथा अनुगमन संयन्त्र**

बाल अधिकार संरक्षणमा संलग्न सिफारिस संयन्त्रहरूको परिचय, भूमिका, कार्यप्रणाली र बाल अधिकार प्रवर्द्धनमा तिनको महत्व।

## एकाई—३

## संवैधानिक तथा कानुनी व्यवस्था

**३.१ नेपालको संविधान, २०७२**

बाल अधिकारसम्वन्धी मौलिक हक, राज्यका नीति तथा दायित्व, सामाजिक न्यायसम्वन्धी व्यवस्था।

**३.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

स्थानीय तहको अधिकारक्षेत्र, बालवालिकासम्वन्धी कार्यक्रम, सेवा प्रवाह तथा दायित्व।

**३.३ बालबालिकासम्बन्धी राष्ट्रिय कानुनी व्यवस्था**

- वालवालिका सम्वन्धी ऐन, २०७५
- वालबालिका सम्वन्धी नियमावली, २०७८
- वालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९
- वालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८
- शिवालय गाउँपालिकाको स्थानीय वाल अधिकार समिति तथा वडा वाल अधिकार समिति सञ्चालन कार्यविधि, २०७९

**३.४ अन्तर्राष्ट्रिय कानुनी व्यवस्था**

संयुक्त राष्ट्रसंघको वाल अधिकार महासन्धि, १९८९, यससँग सम्बन्धित ऐच्छिक प्रोटोकलहरू, आवधिक प्रतिवेदन पेस गर्ने प्रक्रिया र महत्व, राष्ट्रसंघीय वाल अधिकार समितिको पुनरावलोकन प्रक्रिया तथा संस्थागत संरचना।

**३.५ वालमैत्री न्यायिक प्रक्रिया**

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बालमैत्री न्याय प्रणालीको अवधारणा, प्रक्रिया तथा संस्थागत संरचना।

**३.६ मनोसामाजिक परामर्शसम्बन्धी व्यवस्था**

मनोपरामर्श सेवा प्रदान गर्ने प्रक्रिया, बालबालिकालाई मनोसामाजिक परामर्श आवश्यक पर्ने अवस्था तथा यसको महत्व।

**३.७ बाल वृद्धि तथा बाल विकास**

बालको शारीरिक, मानसिक, सामाजिक तथा भावनात्मक वृद्धि र विकाससम्बन्धी आधारभूत ज्ञान।

**३.८ बाल विकासका चरण तथा बाल मनोविज्ञान**

बालबालिकाको विकासात्मक चरणहरू, हरेक चरणका विशेषता तथा बाल मनोविज्ञानसम्बन्धी अवधारणा।

प्रथम चरणको लिखित परीक्षा सेवा सम्बन्धी ज्ञान विषयका एकाईबाट यथासम्भव निम्नानुसार प्रश्न सोधिनेछ।

| एकाई | १ | २ | ३ |
|---|---|---|---|
| बहुवैकल्पिक प्रश्न | ७ | ५ | ८ |
| छोटो प्रश्न | २ | २ | २ |
| लामो प्रश्न | १ | १ | १ |

प्रमुख प्रशासकीय अधिकृत

२. अन्तिम चरण: कम्प्युटर सीप परीक्षण

विषय: कम्प्युटर सीप परीक्षण (Computer Skill Test)

| विषय | पूर्णाङ्क | विषयवस्तु शीर्षक | अङ्क | समय |
|---|---|---|---|---|
| कम्प्युटर सीप परीक्षण (Computer Skill Test) | १० | Nepali Typing | २.५ अङ्क | ५ मिनेट |
| | | English Typing | २.५ अङ्क | ५ मिनेट |
| | | Word processing/Ms Word | २.५ अङ्क | १० मिनेट |
| | | Electronic Spreadsheet | २.५ अङ्क | |
| जम्मा | | | १० अङ्क | २० मिनेट |

Contents

1. MS Word (0.5×3=1.5 Marks and 1×1=1 Mark)
   a. Creating, saving and opening documents
   b. Typing in Nepali and English
   c. Text formatting (Font, Size, Color, Underline, Italic, Bold, etc.) and paragraph formatting (alignment, indentation, spacing)
   d. Inserting Header, Footer, Page Number, Table, Pictures, Shapes, Hyperlink, Bookmark, Text Box, Symbol and Equation.
   e. Page Layout (margin, page size, orientation, Watermark, Page Borders, Columns) previewing and printing of documents
2. Electronic Spreadsheet (0.5×3=1.5 Marks and 1×1=1 Mark)
   a. Text formatting (Font, Size, Color, Underline, Italic, Bold, etc.)
   b. Page setting (margin, page size, orientation) previewing and printing of documents
   c. Formatting the data
   d. Using Basic Functions (SUM, MAX, MIN, AVERAGE)
   e. Using charts

अंग्रेजी र नेपाली Typing Skill Test को लागि निर्देशन

१. नेपाली Typing Skill Test को लागि १५० शब्दको एउटा Text दिइनेछ र देहाय अनुसार अङ्क प्रदान गरिनेछ।

| शुद्ध शब्द प्रतिमिनेट (Correct Words/Minute) | पाउने अङ्क |
|---|---|
| ३ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ० अङ्क |
| ३ वा सो भन्दा वढी र ६ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.२५ अङ्क |
| ६ वा सो भन्दा वढी र ९ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.५० अङ्क |
| ९ वा सो भन्दा वढी र १२ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.७५ अङ्क |
| १२ वा सो भन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.०० अङ्क |
| १५ वा सो भन्दा बढी र १८ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.२५ अङ्क |
| १८ वा सो भन्दा बढी र २१ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.५० अङ्क |
| २१ वा सो भन्दा बढी र २४ भन्दा कम शुद्धशब्द प्रतिमिनेट वापत | १.७५ अङ्क |
| २४ वा सो भन्दा बढी र २७ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | २.०० अङ्क |
| २७ वा सो भन्दा बढी र ३० भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | २.२५ अङ्क |
| ३० वा सो भन्दा वढी शुद्ध शब्द प्रतिमिनेट वापत | २.५० अङ्क |



प्रमुख प्रशासकीय अधिकृत

२. English Typing Skill Test को लागि २०० शब्दको एउटा Text दिइनेछ र देहायअनुसार अङ्क प्रदान गरिनेछ।

| शुद्ध शब्द प्रतिमिनेट (Correct Words/Minute) | पाउने अङ्क |
|---|---|
| ६ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ० अङ्क |
| ६ वा सो भन्दा बढी र ९ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.२५ अङ्क |
| ९ वा सो भन्दा बढी र १२ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.५० अङ्क |
| १२ वा सो भन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.७५ अङ्क |
| १५ वा सो भन्दा बढी र १८ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.०० अङ्क |
| १८ वा सो भन्दा बढी र २१ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.२५ अङ्क |
| २१ वा सो भन्दा बढी र २४ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.५० अङ्क |
| २४ वा सो भन्दा बढी र २७ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.७५ अङ्क |
| २७ वा सो भन्दा बढी र ३० भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | २.०० अङ्क |
| ३० वा सो भन्दा बढी र ३३ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | २.२५ अङ्क |
| ३३ वा सो भन्दा बढी शुद्ध शब्द प्रतिमिनेट वापत | २.५० अङ्क |

३. नेपालीमा दिइएको Text लाई अनिवार्य रुपमा युनिकोड (रोमानाइज्ड वा ट्रेडिसनल) मा टाइप गर्नुपर्नेछ।

४. अंग्रेजी र नेपाली Typing मा दिइएको Text लाई आधार मानि टाइप गरेको Text सँग भिडाई परीक्षण गरिनेछ। दिइएको अंग्रेजी वा नेपाली Text मा उल्लेखित स्थान वमोजिम परीक्षार्थीहरूले आफ्नो Text मा Punctuation टाइप नगरेको पाइएमा त्यसको शब्दमा गणना गरिने छैन। तत्पश्चात, निम्न Formula प्रयोग गरी शुद्ध शब्द प्रतिमिनेट (correct words/minute) निकालिनेछ।

Formula: शुद्ध शब्द प्रति मिनेट (correct words/minute) = $\frac{\text{(Total words typed} - \text{Wrong words)}}{5}$

समाप्त

प्रमुख प्रशासकीय अधिकृत